# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरेको विवरणहरु देहाय बमोजिम रहेका छन ।

(सार्वजनिक गरेको अवधि : आ.व. २०७८/७९ को दोश्रो त्रैमास २०७८ पौष मसान्त सम्मको)

| क. सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १ | निकायको स्वरुप र प्रकृति | लुम्बिनी विकास बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त गरी सञ्चालित राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंक हो । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम कर्तव्य र अधिकार रहेको । |
| ३ | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | संस्थामा २०७८ पौष मसान्तमा ५७५ जना कर्मचारीहरु कार्यरत रहेका र व्यवस्थापन पदमा कार्यरत कर्मचारीहरुको नाम, पद लगायतका विवरणहरु विकास बैंकको वेवसाईटमा राखिएको छ । |
| ४ | निकायबाट प्रदान गरिने सेवा | राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकबाट प्रदान गर्न सकिने तथा नेपाल राष्ट्र बैंकले समय समयमा तोकेका सम्पुर्ण सेवाहरु । |
| ५ | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | विकास बैंकले २०७८ पौष मसान्तसम्म कुल ७७ वटा शाखा कार्यालयहरु मार्फत बैकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ र शाखाहरुको विवरण यस विकास बैंकको वेबसाइट www.lumbinibikasbank.com मा उपलब्ध छ साथै शाखा प्रमुखहरुलाई सम्बन्धित शाखाको जिम्मेवार अधिकारी तोकिएको छ । |
| ६ | सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि | यस विकास बैंकले प्रदान गर्ने विभिन्न सेवाहरुको शुल्क तथा अवधिको विवरणहरु यस विकास बैंकको वेबसाइट www.lumbinibikasbank.com मा उपलब्ध छ । सेवा प्रदान गर्ने अवधि सम्बन्धमा कामको प्रकृति अनुसार फरक पर्न सक्नेछ । |
| ७ | निर्णय गर्ने प्रक्रिया र अधिकारी | कामको प्रकृति तथा गाम्भिर्यता समेतलाई मध्येनजर गरी बिभिन्न प्रकारका निर्णयहरु बिभिन्न तहका अधिकारीहरुबाट गर्न सकिने व्यवस्था मिलाईएकोछ । विकास बैंकको नीतिगत तहमा सञ्चालक समिति र व्यवस्थापकीय तहमा प्रमुख कार्यकारी अधिकृत अन्तिम निर्णयकर्ताको रुपमा रहनु भएको छ । |
| ८ | निर्णय उपर उजुरी सुन्ने अधिकारी | श्री नरेश सिंह बोहरा<br>प्रमुख कार्यकारी अधिकृत<br>लुम्बिनी विकास बैक लि.,<br>केन्द्रीय कार्यालय, डिल्लीवजार, काठमाण्डौं । |
| ९ | सम्पादन गरेको कामको विवरण | यस विकास बैंकले राष्ट्रिय स्तरको "ख" वर्गको विकास बैंकले सम्बन्धित ऐन र नियमानुसार गर्नुपर्ने कार्यहरु सम्पादन गर्दै आईरहेको छ । |
| १० | सूचना अधिकारी र प्रमुखको नाम तथा पद | हरि कृष्ण सुवेदी<br>मुख्य प्रवन्धक/कम्पनी सचिव<br>सूचना अधिकारी<br><br>नरेश सिंह बोहरा<br>प्रमुख कार्यकारी अधिकृत |
| ११ | ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | प्रचलित ऐन, नियम, विनियम वा निर्देशिकाहरु लगायतका सूचना/जानकारीहरु सम्बन्धित कार्यालयको वेवसाइटबाट प्राप्त गर्ने गरिएको । |
| १२ | आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | विकास बैंकको आम्दानी, खर्च तथा अन्य सम्पूर्ण आर्थिक कारोबार सम्बन्धी वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरि सोही विवरणहरु यस विकास बैंकको आधिकारिक वेवसाईट www.lumbinibikasbank.com मा समेत अद्यावधिक गर्ने गरिएको छ । |
| १३ | तोकिए बमोजिमका अन्य विवरण | विकास बैकले सम्बन्धित नियमनकारी निकाय तथा अन्य निकायहरुबाट समेत आवश्यकता अनुसार माग भएको विवरणहरु नियमित रुपमा पेश गर्ने गरिएको र आवश्यक भएको अवस्थामा प्रकाशन समेत गर्ने गरिएको छ । |
| १४ | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण | विकास बैकले अघिल्लो आ.व.मा मिति २०७७/०९/२६ गते १३औं तथा यसै आ.ब.को २०७८/०९/०९ गते १४औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ |
| १५ | सार्वजनिक निकायको वेवसाईट भए सो को विवरण | www.lumbinibikasbank.com |
| १६ | सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण | नभएको । |
| १७ | सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण | विकास बैंकले बैंकिङ्ग कारोबार सञ्चालन गरिरहेको तथा समय समयमा संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु मार्फत विभिन्न प्रकारका सहयोगहरु प्रदान गर्दै आएको छ । |
| १८ | सार्वजनिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि | बैंकिङ्ग कारोबार सम्बन्धी तथ्याङ्कहरु प्रचलित ऐन नियमको व्यवस्था वमोजिमको अवधिको लागि संरक्षण गर्ने गरिएको छ । |
| १९ | सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण | गत त्रैमासमा कुनै सूचना माग भएको छैन । |
| २० | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सो को विवरण | विकास बैंकको वित्तीय विवरण वार्षिक साधारणसभा पुर्व पुस्तकको रुपमा प्रकाशित गर्ने गरिएको छ भने आर्थिक कारोबार सम्बन्धी विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरिदै आएको छ । त्यसै गरी कारोवारको क्रममा सार्वजनिक रुपमा सुसूचित गराउनुपर्ने जानकारी/सूचनाहरु राष्ट्रिय स्तरको पत्र पत्रिकामा प्रकाशित गरी उक्त विवरण/सूचनाहरु विकास बैंकको वेवसाइटमा समेत राख्ने गरिएको छ । |

**लुम्बिनी विकास बैंक लि.**
**Lumbini Bikas Bank Ltd.**
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं ।
फोन नं. : ०१-४४१३२३२/४४१३२३४
०१-४४२१६९६/०१४४२१६९८, फ्याक्स नं.: ०१-४४१३५२६